## घर भाडामा लिने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७०/०१/२४

नेपाल सरकार, बुढीगण्डकी जलविद्युत् आयोजना विकास समितिको कार्यालयको लागि निम्नअनुसार घर चाहिएको हुनाले घर बहालमा दिन इच्छुक घरधनीहरूले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र दररेट खुलाई सिलबन्दी प्रस्ताव दर्ता गर्न हुन यो सूचना प्रकाशन गरिएको छ । सिलबन्दी प्रस्ताव सूचना प्रकाशन भएको १६ औं दिन यस कायार्लयमा खोलिनेछ । सो दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिनमा प्रस्ताव खोलिनेछ । घर बहालमा लिने वा नलिने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । म्याद नाघी आएको वा रीत नपुगेको प्रस्ताव उपर कुनै कारबाही हुने छैन ।

**घर विवरण :**

१. ड्यामसाइडको तीन कि.मि. वरपर, ३ देखि ४ हजार वर्ग फिट क्षेत्रफलमा बनेको, ठुला साना गरी करिब १० कोठा हुनुपर्ने ।

२. घर कम्पाउण्डभित्र ४ वटा सवारी साधन र केही मोटरसाइकल पार्किङ्ग क्षमता रहेको हुनुपर्ने ।

३. सिलबन्दी प्रस्तावसाथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, जग्गाधनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, चालु आ.व.मा मालपोत तिरेको रसिद संलग्न रहेको हुनुपर्नेछ ।

४. परामर्शदाताको कार्यालय सिउरीनीटार, गोरखा ।

**बुढी गण्डकी जलविद्युत् आयोजना विकास समिति**
**त्रिपुरेश्वर, काठमाण्डौं ।**